अनुसुची -२

(दफा ४ तथा अनुसुची-१ को भाग -२ संग सम्बन्धित)


# छविसपाथिभेरा गाउँपालिका

## स्थानिय राजपत्र

खण्ड ८ | संख्या ०६ | मितिः २०८२।२।१९


## भाग -२

# छविसपाथिभेरा गाउँपालिका बालसंरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि

## २०८२


छविसपाथिभेरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
ब्याँसी, बझाङ
सुदूरपश्चिम प्रदेश नेपाल

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८२।१९
प्रमाणीत मितिः२०८२।२।२०
राजपत्रमा प्रकाशित मितिः२०८२।२।२०

# छविसपाथिभेरा गाउँपालिका बाल संरक्षण तथा बाल अधिकारसम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना :** छविसपाथिभेरा गाउँपालिका क्षेत्रभित्रका बालबालिकाको हकहित र अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि नेपालको संविधान, बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धि, १९८९, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित सङ्घीय, प्रादेशिक र छविसपाथिभेरा गाउँपालिकाको कानुनमा व्यवस्था भएका बाल अधिकारसम्बन्धी हक, प्रचलन, बालबालिकाको संरक्षणात्मक कार्यहरू तथा तोकिएका कानुनी दायित्वसँग सम्बन्धित थप व्यवस्थाहरूको कार्यान्वयन गर्न, गराउन तथा बालबालिकाको सर्वोत्तम हित कायम गरी बालमैत्री स्थानीय शासन प्रवर्धनका लागि कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले छविसपाथिभेरा गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"छविसपाथिभेरा गाउँपालिका बाल संरक्षण तथा बाल अधिकारसम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) **"अस्थायी संरक्षण सेवा"** भन्नाले ऐनको दफा ६९ बमोजिमको संरक्षण सेवा सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले बालबालिकासम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ग) **"उपाध्यक्ष"** भन्नाले छविसपाथिभेरा गाउँपालिकाका उपाध्यक्ष सम्झनु पर्छ।

(घ) **"नियमावली"** भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ।

(ङ) **"न्यायिक समिति"** भन्नाले छविसपाथिभेरा गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्छ।

(च) **"अध्यक्ष"** भन्नाले छविसपाथिभेरा गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(छ) **"परिषद्"** भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ।

(ज) **"प्रदेश मन्त्रालय"** भन्नाले सुदुरपश्चिम प्रदेश सरकारको बालबालिकाको विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले छविसपाथिभेरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) **"बालकल्याण अधिकारी"** भन्नाले ऐनको दफा ६१ बमोजिमको छविसपाथिभेरा गाउँपालिकाको बालकल्याण अधिकारी सम्झनु पर्छ।

(ट) **"बालगृह"** भन्नाले नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ।

(ठ) **"बाल क्लब"** भन्नाले बाल अधिकारको प्रवर्धन तथा बालसंरक्षणका लागि १८ वर्ष उमेर पुरा नभएका बालबालिकाले ऐनको दफा १० अनुरूप गठन भई यस कार्यविधि बमोजिम छविसपाथिभेरा गाउँपालिकामा दर्ता भएका बाल क्लब वा संस्था सम्झनु पर्छ।

(ड) **"बाल कोष"** भन्नाले जोखिममा परेका तथा विशेष संरक्षण आवश्यक भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान गर्ने समेतका कार्यका लागि दफा ४२ बमोजिम स्थापना गरिएको बाल कोष सम्झनु पर्छ।

(ढ) **"बालबालिका"** भन्नाले १८ वर्ष उमेर पूरा नगरेको बालबालिका/ व्यक्तिलाई सम्झनु पर्छ।

(ण) **"बालमनोविज्ञ"** भन्नाले ऐनको दफा ६२ बमोजिम तोकिएको योग्यता पुगेका व्यक्तिमध्येबाट छविसपाथिभेरा गाउपालिकामा नियुक्त बालमनोविज्ञ सम्झनु पर्छ।

(त) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(थ) **"गाउँपालिका"** भन्नाले छविसपाथिभेरा गाउँपालिका सम्झनु पर्छ।

(द) **"शाखा"** भन्नाले छविसपाथिभेरा गाउँपालिकाको सामाजिक विकास शाखा सम्झनु पर्छ।

(ध) **"विशेष संरक्षणको आवश्यकता भएका बालबालिका"** भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ।

(न) **"समाजसेवी"** भन्नाले ऐनको दफा ६२ बमोजिम तोकिएको योग्यता पुगेका व्यक्तिमध्येबाट छविसपाथिभेरा गाउँपालिकामा नियुक्त समाजसेवी सम्झनु पर्छ।

(प) **"समिति"** भन्नाले दफा ३३ बमोजिम गठन भएको गाउँपालिका बाल अधिकार समिति सम्झनु पर्छ।

(फ) **"सेवा प्रदायक निकाय"** भन्नाले छविसपाथिभेरा गाउँपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय स्रोत केन्द्र, प्रहरी कार्यालय, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाइन सेवा समेतलाई सम्झनु पर्छ।

(ब) **"संस्था"** भन्नाले बाल अधिकार प्रवर्धन तथा बालसंरक्षणका लागि प्रचलित कानुन बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्था, संगठन तथा सामुदायिक संस्थालाई सम्झनु पर्छ।

## परिच्छेद - २

## बाल संरक्षण, बाल अधिकार प्रवर्द्धन तथा प्रचलन

३. **बाल संरक्षण सुनिश्चित गर्नुपर्ने :** (१) गाउँपालिका क्षेत्रभित्रका बालबालिकाको संरक्षण गर्न गाउँपालिकाले विभिन्न कार्यक्रम गर्नेछ।

(२) उपदफा (१) बमोजिमको बाल संरक्षण सुनिश्चित गर्न देहायका कार्यहरू गर्नेछ :

(क) गाउँपालिका क्षेत्रभित्र बालबालिका माथि हुने वा हुनसक्ने सबै प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, अमानवीय व्यवहार, बेवास्ता लगायतका कार्यहरूको रोकथाम गर्ने/गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न रोकथाममूलक, शीघ्र सम्बोधन एवम् घटना व्यवस्थापनका लागि लक्षित कार्यक्रम कार्यान्वयन गर्ने,

(ग) जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सम्बन्धित निकाय र सेवा प्रदायकसँग समन्वय तथा सहकार्य गर्ने,

(घ) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निकाय, विद्यालय, संस्था तथा निजी क्षेत्रमा दर्ता भएका बाल संरक्षण तथा बालबालिकासँग सम्बन्धित उजुरीको न्यायिक समितिमार्फत तत्काल कारबाही गर्ने/गराउने,

(ङ) गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा बालबालिकाको गुनासो सुनुवाइको लागि विद्यालय गुनासो सुनुवाइ कार्यविधि जारी गरी कार्यान्वयन गर्ने,

(च) गाउँपालिका क्षेत्रभित्र रहेका अन्तरलिङ्गी बालबालिकाको सम्मानजनक जीवनयापनका लागि लक्षित कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,

(छ) गम्भिर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा अटिजम, डाउनसिन्ड्रोम जस्ता समस्याका कारण सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिकाको लागि उचित कार्यक्रम सञ्चालन गर्ने/गराउने,

(ज) गाउँपालिका क्षेत्रभित्र श्रममा संलग्न भई उद्धार गरिएका बालबालिकालाई औपचारिक शिक्षाको अलावा अनौपचारिक, सिपमूलक तथा विशेष शिक्षाको प्रबन्ध गर्ने,

(झ) बेसहारा तथा बेवारिस अवस्थाका बालबालिकालाई आवास, औपचारिक शिक्षा, सिपमूलक तथा विशेष शिक्षाको प्रबन्ध गर्ने,

(ञ) बाल संरक्षण मापदण्ड तर्जुमा गरी प्रत्येक विद्यालय तथा बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संघसंस्थामार्फत मापदण्ड कार्यान्वयन गर्ने/गराउने,

(ट) बालबालिका विरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह रोकथाम तथा अन्त्य गर्न पहल गर्ने,

(ठ) बाबुआमा/संरक्षक विहीन अवस्थाका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाहीको लागि बाल संरक्षण प्रणालीको विकास गर्ने/गराउने,

(ड) बालबालिकालाई लागुऔषध दुर्व्यसनबाट बचाउन रोकथाममूलक, उपचारमूलक र पुनर्स्थापनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

(ढ) प्रचलित कानुनले बालबालिकाको लागि निषेध गरिएको स्थान, व्यवसाय, क्रियाकलाप वा काममा प्रवेश तथा सहभागी हुन रोक्ने,

(ण) प्रचलित कानुनले बालबालिकालाई उपभोग गर्न, प्रयोग तथा बिक्रीवितरण गर्न रोक लगाइएको वस्तु तथा सेवा प्रवाहको अवस्था सम्बन्धमा नियमित सुपरिवेक्षण तथा नियमन गर्ने।

(त) गाउँपालिकाले तोकेका बाल संरक्षणको क्षेत्रमा अन्य कार्य गर्ने/गराउने।

४. **विपद र महामारीमा बाल संरक्षण:** (१) गाउँपालिकाले विपद् र महामारीको समयमा बालवालिकाको संरक्षण गर्नका लागि विशेष योजना तर्जुमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको बिपद् र महामारीको समयमा बाल संरक्षणको लागि देहायका कार्यहरू गर्नुपर्नेछ :

(क) बिपद् र महामारीको अवस्थामा उद्धार र राहत कार्य गर्दा गर्भवती, सुत्केरी महिला र बालबालिकालाई प्राथमिकता दिनुपर्नेछ।

(ख) बिपद् र महामारीमा प्रतिकार्य गर्दा बालबालिकालाई सुरक्षित स्थल उपलब्ध गराउने, आधारभूत अधिकारको सुनिश्चितता गर्ने, बालवालिका लक्षित राहत सामाग्री, आघात (ट्रमा) को न्यूनीकरण गर्ने लगायतका विशेष व्यवस्था गर्नुपर्नेछ।

(३) विपद् र महामारीमा अपाङ्गता भएका, बाबुआमा वा संरक्षकविहीन हुन पुगेका तथा परिवारसँग सम्पर्क विच्छेद भएका बालबालिकाको संरक्षण र सेवा प्रवाह गर्दा उनीहरूको विशेष आवश्यकताको सम्बोधन गर्नुपर्नेछ।

(४) विपद् र महामारी पश्चात बालबालिकामाथि हुनसक्ने हिंसा, दुर्व्यवहार र शोषणलगायतका हानिबाट संरक्षण गर्नुपर्नेछ।

५. **बाल अधिकारको संरक्षण र प्रवर्धन:** (१) गाउँपालिका क्षेत्रभित्र रहेका बालबालिकाको बाल अधिकारको संरक्षण, सम्बर्द्धन तथा प्रवर्धन गर्नु गाउँपालिकाको दायित्व हुनेछ।

(२) उपदफा (१) बमोजिमको बाल अधिकारको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धन गर्न देहाय बमोजिमको कार्यहरू गर्नु पर्नेछः

(क) गाउँपालिका क्षेत्रभित्रका बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्ने,

(ख) गाउँपालिका क्षेत्रभित्रका गभर्वती महिला, सुत्केरी आमा, नवजात शिशु र बालबालिकाका लागि नेपाल सरकारले निर्धारण गरेका खोप, स्वास्थ्य सेवा र पोषणसँग सम्बन्धित सेवा सुविधा उपलब्ध गराउने र त्यस्तो सेवाप्रवाह बालमैत्री भए नभएको अनुगमन गर्ने,

(ग) सार्वजनिक तथा निजी क्षेत्रका कार्यालयहरूमा शिशु स्तनपान कक्षको स्थापना तथा सञ्चालन गर्न प्रोत्साहन, प्रबर्द्धन तथा सहजीकरण गर्ने,

(घ) बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियत दिने व्यवस्था गर्न गाउँपालिका क्षेत्रभित्र 'सञ्चालनमा रहेका सार्वजनिक तथा निजी स्वास्थ्य संस्थालाई प्रोत्साहन तथा सहकार्य गर्ने,

(ङ) बालबालिकाको नियमित स्वास्थ्य जाचं गर्ने र मानसिक तथा मनोसामाजिक स्वास्थ्यका लागि गाउँपालिकाले मनोविमर्शकर्ता मार्फत सेवाउपलब्ध गराउने तथा विद्यालयहरूमा लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,

(च) गाउँपालिका क्षेत्रभित्रका बालबालिकालाई उमेरअनुरूप प्रारम्भिक बालविकास वा शिक्षा केन्द्र वा विद्यालयमा भर्ना सुनिश्चित गर्ने,

(छ) गाउँपालिका क्षेत्रभित्रका प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिहरूको यथोचित वितरण भए नभएको यकिन गर्न नियमित अनुगमन तथा मूल्याङ्कन गरी समीक्षा गर्ने,

(ज) गाउँपालिका क्षेत्रभित्रका सबै अवस्थाका बालबालिकाको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित तथ्याङ्क सङ्कलन र अभिलेखीकरण गरी आवधिक रूपमा सार्वजनिक गर्ने,

(झ) गाउँपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी त्यस्ता योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने।

**६. बालमैत्री गाउँपालिकाको अवधारणा लागु गर्नुपर्ने :** (१)गाउँपालिका क्षेत्रभित्रका विद्यालय, बालबालिकासँग प्रत्यक्ष सरोकार राखी कार्य गर्ने सार्वजनिक निकाय, सामुदायिक संघसंस्था तथा निजी क्षेत्र समेतमा योजनावद्ध बालमैत्री कार्यक्रम लागु गर्नेछ।

(२) उपदफा (१) बमोजिम बालमैत्री कार्यक्रम लागु गर्न देहायका कार्य गर्नुपर्नेछ :

(क) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक निकाय, संघसंस्था तथा निजी क्षेत्रले भौतिक संरचना निर्माण वा मर्मत गर्दा बालमैत्री हुने गरी गर्ने,

ख) गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा बालमैत्री अवधारणा अवलम्बन गर्ने,

(ग) विद्यालय तथा सार्वजनिक निकायका योजना तर्जुमा प्रक्रियामा बालसहभागिता प्रवर्धन गर्ने र बालबालिकाले व्यक्त गरेको विचारलाई उचित प्राथमिकता दिने,

(घ) गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीलाई बाल अधिकार, बालसंरक्षण, बालमैत्री स्थानीय शासन तथा व्यवहारबारे जानकारी गराउने,

(ङ) बालमैत्री स्थानीय शासनसम्बन्धी तोकिएका सूचक एवम् प्रक्रिया पूरा गरी गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने।

**७. अपाङ्गता भएका बालबालिकाको लागि विशिष्ट सेवा प्रदान गर्नुपर्ने :** (१) अपाङ्गता भएका बालबालिकाको हेरचाह, शिक्षा, स्वास्थ्य उपचार, पोषण र समाजमा सक्रिय रूपले भाग लिने लगायतका आधारभूत अधिकार सुनिश्चित गर्नुपर्नेछ।

(२) अपाङ्गता भएका बालबालिकालाई सार्वजनिक सेवा सुविधामा पहुँचको सुनिश्चितता गर्नुपर्नेछ।

(३) गम्भीर प्रकृतिका अपाङ्गता भएका बालबालिकाको संरक्षण र सेवाप्रवाहका लागिगाउँपालिका क्षेत्रभित्र अपाङ्गता सम्बन्धी विशिष्ट सेवा प्रदान गर्ने संस्था वा निकायसँग गाउँपालिकाले समन्वय र सहकार्य गर्न सक्नेछ।

**८. बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था:** (१) बालबालिकाको वैकल्पिक हेरचाहको लागि गाउँपालिकाले विशेष कार्यक्रम तर्जुमा गरी व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम विशेष कार्यक्रम तर्जुमा गर्दा बालबालिका सम्बन्धी संघीय तथा प्रदेश कानुनले व्यवस्था गरेबमोजिमको वैकल्पिक हेरचाहको व्यवस्थालाई समेत आधार मानी गर्नेछ।

## परिच्छेद - ४

## विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण

**९. जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाबारे सूचना दिनुपर्ने :** (१) जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका वालवालिकाबारे थाहा पाउने जो कोहीले वडा बाल अधिकार समिति, गाउँपालिका बाल अधिकार समिति, बालकल्याण अधिकारी, स्थानीय प्रहरी, नगर प्रहरी बल, बालबालिका खोजतलास सेवा, बाल हेल्पलाईन सेवा, गाउँपालिका कल सेन्टर वा अन्य माध्यमबाट यथाशक्य छिटो सूचना दिनुपर्नेछ।

(२) आमाबाबु वा अभिभावक, शिक्षक, बालबालिकाको संरक्षक, स्वास्थ्यकर्मी, मनोविमर्शकर्ता लगायतले बालबालिकामाथि हिंसा, दुर्व्यवहार र शोषण भएको जानकारी पाएमा एवम् तत्सम्बन्धी कुनै सङ्केतचिह्न वा लक्षण देखेमा नजिकको प्रहरी कार्यालय, वडा कार्यालय, गाउँपालिका बाल अधिकार समिति वा बालकल्याण अधिकारीलाई सूचना दिनुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सूचना पाएपछि वडा बाल अधिकार समिति, स्थानीय प्रहरी कार्यालय, नगर प्रहरी बल, बालबालिका खोजतलास सेवा, बाल हेल्पलाइन सेवा, गाउँपालिका कल सेन्टर लगायतका सूचना प्राप्त गर्ने निकायले बालकल्याण अधिकारीलाई यथाशीघ्र त्यस्तो सूचना दिनुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम तथा अन्य कुनै स्रोतबाट सूचना प्राप्त गरेपछि बालकल्याण अधिकारीले समितिसँग समन्वय गरी उक्त सूचनाको अभिलेखिकरण गर्ने, सूचनाको सत्य तथ्य जाँचबुझ गर्ने र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्नु, गराउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम उद्धार गरिएका बालबालिकाको स्वास्थ्य परीक्षण एवम् उपचार, खाना, अस्थायी संरक्षण, कानुनी सहयोग, मनोविमर्श सेवा लगायतका आवश्यक सेवाको प्रबन्ध गर्नु पर्नेछ। त्यस्तो सेवा प्रदान गर्दा एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) सँग समन्वय एवम् सहकार्य गर्न सकिनेछ।

(६) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आकस्मिक तथा नियमित स्वास्थ्य परीक्षण एवम् उपचार गर्नका लागि गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्रका अस्पताल, स्वास्थ्य सेवा प्रदान गर्ने संस्था तथा निकायसँग कार्यगत सम्झौता गर्न सक्नेछ ।

(७) जोखिममा रहेका बालबालिकाको उद्धार, संरक्षण र पुनर्स्थापना कार्य गर्दा अन्य स्थानीय तहबिच समन्वय तथा सहकार्य गर्न सकिनेछ।

**१०. उद्धार टोलीको गठन गर्नुपर्ने :** (१) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार गर्नुपर्ने देखिएमा बालकल्याण अधिकारीले समितिसँग समन्वय गरी उद्धार टोली गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको उद्धार टोलीमा बालकल्याण अधिकारी, सम्बन्धित वडाको जनप्रतिनिधि, समाजसेवी वा बालमनोविज्ञ, विभागको प्रतिनिधि, राष्ट्रिय बाल अधिकार परिषदको प्रतिनिधि, प्रहरी कर्मचारी, गाउँपालिका प्रहरी बलका प्रतिनिधि रहन सक्नेछन् । उद्धार टोलीमा बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवाका प्रतिनिधि, सामाजिक कार्यकर्ता, सेवा प्रदायक निकाय र संस्थाका प्रतिनिधिसमेत रहन सक्नेछन्।

(३) कानुनविपरीत श्रममा संलग्न गराइएका बालबालिकाको उद्धार कार्यका लागि उद्धार टोली गठन गर्दा उपदफा (२) बमोजिमको टोलीमा श्रम कार्यालयको प्रतिनिधि हुनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको उद्धार टोलीका सदस्यलाई बालसंरक्षण, उद्धार कार्यको तयारी, उद्धार कार्यको चरणमा र उद्धार पछि बालबालिकाको अस्थायी संरक्षण गर्दा समेत पालना गर्नुपर्ने अनुसुची-१ बमोजिमको आचार संहिताबारे अभिमुखीकरण गरी निजको लिखित प्रतिवद्धता लिनुपर्नेछ।

**११. बाल-उद्धार कार्यदल गठन गर्न सकिने:** (१)गाउँपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचना दिन, उद्धार कार्य गर्न र उद्धार गरिएका बालबालिकाको अस्थायी संरक्षण लगायतका कार्यमा सघाउन गाउँपालिका प्रहरी बलका प्रतिनिधि समेत रहेको एक बाल उद्धार कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यदलमा रहने कर्मचारीलाई बाल अधिकार, बाल संरक्षण, उद्धार कार्यको प्रक्रिया, घटना व्यवस्थापन र उद्धार टोलीले पालना गर्नुपर्ने आचारसंहिता लगायतका विषयमा तोकिएको पाठ्यक्रमबमोजिम कम्तीमा सात दिनको प्रशिक्षण प्रदान गर्नु पर्नेछ।

**१२. अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने :** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा उद्धार गरिएका बालबालिकाको संरक्षण र सुरक्षित बसोबासको व्यवस्था समेतका लागि गाउँपालिकाले अनुसूची-२ मा व्यवस्था गरे बमोजिमको कर्मचारी रहने गरी अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अस्थायी संरक्षण सेवामा बालबालिकालाई एक पटकमा बढीमा नौ (९) महिनासम्म राख्न सकिनेछ

(३) गाउँपालिका क्षेत्रभित्र सरकारी निकाय वा गैरसरकारी संस्थाले सञ्चालन गरेको आवासीय सुविधा सहितको गृहलाई तोकिएको मापदण्डबमोजिम अस्थायी संरक्षण सेवाको रूपमा प्रयोग गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमका बालबालिकाको संरक्षण गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहले सञ्चालन गरेका अस्थायी संरक्षण सेवामा समन्वय गरी गाउँपालिकाले बालबालिका पठाउन सक्नेछ।

(५) अस्थायी संरक्षण सेवामा देहायबमोजिमको आधारभुत व्यवस्था गर्नुपर्नेछ :

(क) बालबालिकाको खाना, आवास, लत्ताकपडा, ओढ्ने ओच्छयाउनेको व्यवस्था,

(ख) रगत समूह, हेपाटाइटिस, दिसापिसाब, खकार, एचआइभी, यौनजन्य सङ्क्रमण, क्षयरोग तथा अन्य सरूवा रोग आदिको परीक्षण एवम् स्वास्थ्योपचार,

(ग) स्वास्थ्यकर्मीसहित प्राथमिक उपचारको व्यवस्था,

(घ) कानुनी परामर्श र सेवा,

(२) मनोविमर्श सेवाको उपलब्धता,

(च) शिक्षाको व्यवस्था,

(छ) सम्भव भएसम्म बालबालिकाको परिवारको खोजी गरी परिवारमा पुनर्मिलन,

(ज) बालबालिकाको फोटोसहित व्यक्तिगत तथा पारिवारिक विवरण, शैक्षिक स्थिति, स्वास्थ्य विवरण, घटना विवरणसहितको लेखाजोखा प्रतिवेदन समावेश गरी व्यक्तिगत फाइल तयार गर्नुपर्नेछ।

**१३. अस्थायी संरक्षण सेवामा प्रबन्ध गरिनुपर्ने सेवा, सुविधा :** (१) अस्थायी संरक्षण सेवामा देहायबमोजिमको सेवा सुविधाको प्रबन्ध गर्नुपर्नेछ-

(क) बालबालिकाको स्वास्थ्योपचारको लागि नजिकको स्वास्थ्य संस्थासँग सेवा सम्झौता,

(ख) बालक र बालिकाको लागि छुट्टाछुट्टै भवन वा तलामा बसोबास, छुट्टाछुट्टै शौचालय, छुट्टै स्नान कक्षको व्यवस्था,

(ग) अपाङ्गता भएका बालबालिका रहेवसेका भए कम्तीमा पनि भान्छा कोठा, शयन कक्ष, पढ्ने कोठा, शौचालय लगायतका स्थानमा पहुँच हुनेगरी अपाङ्गमैत्री भौतिक पूर्वाधारको व्यवस्था,

(घ) बालबालिकाको उमेर, रुचि, लिङ्ग र अपाङ्गताको किसिम अनुसारको बालमैत्री तथा अपाङ्गमैत्री खेलकुद, मनोरञ्जन, अतिरिक्त क्रियाकलापको व्यवस्था,

(ङ) अस्थायी संरक्षण सेवाको प्राङ्गण पर्खाल लगाइएको, कम्पाउण्डमा सिसिटिभी र सुरक्षा गार्डको व्यवस्था सहित सुरक्षा र संरक्षणको प्रबन्ध।

(२) लागुपदार्थ दुर्व्यसनमा फसेका बालबालिकालाई अन्य बालबालिका भन्दा अलगै राखी हेरचाह गर्ने र सकेसम्म छिटो पुनर्स्थापना केन्द्रमा राखी उपचारको व्यवस्था गर्नुपर्नेछ।

(३) अस्थायी संरक्षण सेवामा रहेका औपचारिक शिक्षामा निरन्तरता दिन नसकेका र व्यवसायिक सिप सिक्न चाहने १५ वर्ष उमेर पूरा भएका बालबालिकालाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको प्रबन्ध गर्नुपर्नेछ।

(४) अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको व्यक्तिगत विवरण प्रचलित कानुनबमोजिम गोप्य राख्नुपर्नेछ।

(५) अस्थायी संरक्षण सेवाको भौतिक पूर्वाधार, सेवाको प्रबन्ध, मानव स्रोत व्यवस्थापन, सुरक्षा एवम् संरक्षण लगायतका विषयमा गाउँपालिकाले मापदण्ड लागु गरी थप व्यवस्था गर्न सक्नेछ। त्यस्तो मापदण्ड बनाउँदा नेपाल सरकारले तोकेका मापदण्डसमेतलाई आधार बनाउनुपर्नेछ।

**१४. पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना गर्नुपर्ने :** (१) विशेष संरक्षणको आवश्यकता भएका, जोखिमपूर्ण अवस्थामा रहेका तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको परिवारको खोजी गरी सम्भव भएसम्म परिवारमा पुनर्मिलन गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परिवार फेला नपरेका तथा परिवारमा पुनर्मिलन गराउनु बालबालिकाको सर्वोत्तम हितअनुरूप हुने नदेखिएमा निजलाई सामाजिक पुनर्स्थापना तथा लामो अवधिको हेरचाहको प्रबन्ध गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम पुनर्मिलन वा पुनर्स्थापना गर्दा निज बालबालिकाको स्थितिको लेखाजोखा प्रतिवेदनसमेतलाई आधार मान्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम बालबालिकालाई परिवारमा पुनर्मिलन गराउँदा उक्त परिवारमा रहेका अन्य बालबालिकासमेत जोखिममा रहेको पाइएमा निजका लागि स्वास्थ्य, शिक्षा, संरक्षण, सिपविकास तालिम, मनोविमर्श लगायतका सेवा प्रदान गर्न सकिनेछ।

(५) बालबालिका पुनर्मिलन गराइएका परिवारलाई सम्बन्धित निकायसँग समन्वय गरी आवश्यकताअनुसार आर्थिक, भौतिक एवम् जिविकोपार्जन सहयोग, सिप विकास तालिम, मनोसामाजिक सहयोग प्रदान गरी परिवार सुदृढीकरण गर्नु पर्नेछ।

(६) गाउँपालिकाभन्दा बाहिर बसोबास गरेका परिवारमा बालबालिकाको पुनर्मिलन गराउँदा तथा सामाजिक पुनर्स्थापना गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय एवम् साझेदारी गर्नुपर्नेछ।

(७) आमाबाबु वा परिवारलाई जिविकोपार्जन तथा आर्थिक सहायता उपलब्ध गराउँदा सम्बन्धित स्थानीय तहमार्फत वा स्थानीय तहले तोकेको वित्तीय संस्थामार्फत प्रदान गर्न सकिनेछ।

(८) यस परिच्छेदबमोजिम बालबालिकालाई सेवा प्रदान गर्नगाउँपालिकाले नेपाल सरकार तथा प्रदेश सरकारका निकायसँग मिलेर एकीकृत कार्ययोजना लागु गर्न सक्नेछ।

(९) बालबालिकाको अस्थायी संरक्षण, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापना गर्न, गराउनगाउँपालिकाले बाल अधिकार तथा बालसंरक्षणको क्षेत्रमा क्रियाशील विश्वसनीय गैरसरकारी संस्थासँग समन्वय तथा सहकार्य गर्न सक्नेछ।

**१५. सिपमूलक तालिमको व्यवस्था गर्न सकिने:** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा अस्थायी संरक्षण सेवामा रहेका १५ वर्ष माथिका बालबालिकालाई व्यावसायिक सिप तथा रोजगारमूलक तालिमको प्रबन्ध गर्न गाउँपालिकामा सिप प्रशिक्षण केन्द्रको स्थापना तथा व्यवस्थापन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम व्यवसायिक सिप तथा रोजगारमूलक तालिमको प्रबन्ध गर्दा बजारको माग र आपूर्ति समेतको अध्ययन गरी गराई तालिमको विषय निर्धारण गर्नुपर्नेछ।

(३) व्यवसायिक सिप तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट स्वीकृत पाठ्यक्रमबमोजिम गर्न तथा सिप परीक्षण परीक्षामा सामेल गराउन सक्नेछ।

(४) गाउँपालिकाले व्यवसायिक सिप तथा रोजगारमूलक तालिम पूरा गरेका बालबालिका तथा किशोर किशोरीलाई इन्टर्नसिप गर्न, रोजगारीका लागि समन्वय गर्न र व्यवसाय सुरू गर्न बिउ पुंजी उपलब्ध गराउन सक्नेछ।

(५) उपदफा (४) को प्रयोजनका लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको उद्यमशीलता, नवप्रर्वत्तन, आइडिया बैंक, गौरव तथा स्वर्णिम योजना लगायतका कार्यक्रमसँग समन्वय गर्न सकिनेछ।

**१६. विवरण पेस गर्नुपर्ने :** (१) बालबालिकालाई श्रममा लगाउने प्रतिष्ठानले बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ बमोजिम तोकिएको श्रम कार्यालयमा त्यसबारे सूचना दिनुपर्नेछ।

(२) प्रचलित कानुनबमोजिमगाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने उद्योग, व्यवसाय, प्रतिष्ठान र रोजगारदाताले बालबालिकालाई श्रममा संलग्न गराएकोमा सोको विवरण तोकिएको ढांचाको फाराम भरी दर्ता र नविकरण गर्दागाउँपालिकामा पेस गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको विवरण प्राप्त गर्नगाउँपालिकाले सम्बन्धित श्रम कार्यालयसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) को विवरणको आधारमा कानुनविपरीत बालबालिकालाई श्रममा संलग्न गराइएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गर्ने वा कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुपर्नेछ।

(५) कुनै घरपरिवारमा आफ्नो तथा आफ्नो नातागोताबाहेकका बालबालिका रहे-बसेका भए यस कार्यविधिको अनुसूची-३ मा तोकिएको फाराम भरी सम्बन्धित वडा कार्यालयमा विवरण पेस गर्नुपर्नेछ।

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यालीसैं, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**स्पष्टीकरण : नातागोता भन्नाले बालबालिकाको आमा वा बाबुतर्फका तीन पुस्ताभित्रका नातेदार सम्झनु पर्छ ।**

(६) उपदफा (५) बमोजिम विवरण प्राप्त भएपछि वडा कार्यालयले त्यस्तो विवरण तत्काल समिति समक्ष पेस गर्नुपर्नेछ ।

(७) समितिले उपदफा (६) बमोजिमको विवरण प्राप्त गरेपछि कानुनी प्रक्रियाका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउनुपर्नेछ ।

(८) घरेलू बालश्रम लगायत अन्य प्रकारका श्रममा बालबालिकाको संलग्नताबारे खोजी गर्न तथा सूचना दिन टोन विकास संस्था, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालयको गुनासो सुन्ने शिक्षक, महिला समूह, बाल क्लव समेतलाई परिचालन गर्न सकिनेछ ।

(९) उपदफा (८) बमोजिम घरेलु बालश्रम प्रयोग गरिएको तथा हिंसा, दुर्व्यवहार र शोषण भएको पाइएमा समितिले जाँचबुझ गरी निज बालबालिकाको तत्काल उद्धार गर्नुपर्नेछ । त्यस्तो बालश्रम राख्ने घरपरिवारलाई प्रचलित कानुनबमोजिम कारबाहीका लागि सिफारिस गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम उद्धार गरिएका बालबालिकालाई अस्थायी संरक्षण सेवा, बालगृह वा अन्य उपयुक्त स्थानमा सुरक्षित बसोबासको प्रबन्ध गर्नुपर्नेछ ।

**१७. बालश्रम प्रयोगमा निषेध र निरुत्साहित गर्नुपर्ने :** गाउँपालिकाले सञ्चालन गरेका आयोजना, परियोजनामा बालश्रमिकको प्रयोगलाई निषेध गर्नेछ ।

(२) गाउँपालिकासँग सम्झौता गरी आयोजना, परियोजना सञ्चालन गर्दा त्यस्तो सम्झौता पत्रमा नै कानुन विपरीत बालश्रम प्रयोग नगरिने बुँदा उल्लेख गरी प्रतिबद्धता लिनुपर्नेछ ।

(३) गाउँपालिकाले खरीद गर्ने वस्तु तथा सेवामा बालश्रम प्रयोग नभएको यकीन गरेर मात्र खरीद गर्नुपर्नेछ ।

(४) गाउँपालिकाले वस्तु तथा सेवा खरिद गर्ने सम्झौता भएपछि बालश्रम प्रयोग भएको तथ्य खुलेमा त्यस्तो वस्तु तथा सेवा प्रदायकसँगको सम्झौता तत्काल खारेज गर्नु पर्नेछ ।

(५) गाउँपालिका भित्र सञ्चालनमा रहेका उद्योग व्यवसाय, प्रतिष्ठान र रोजगारदाताले कानुनविपरीत बालबालिकालाई श्रममा नलगाएको यकिन गर्न शाखाले कम्तीमा वर्षमा एक पटक अनुगमन गर्नुपर्नेछ ।

**१८. गोपनीयता कायम गर्नुपर्ने :** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचना प्राप्त भएपछि गरिने लेखाजोखा, उद्धार कार्यको निर्णय, उद्धार कार्यको तयारी, उद्धार कार्य, बालबालिकाको अस्थायी संरक्षण लगायतका कार्यको गोपनीयता कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गोपनीयता कायम गर्नु, गराउनुगाउँपालिका, समिति, बालकल्याण अधिकारी, उद्धार टोली र बालउद्धार कार्यदलको दायित्व हुनेछ ।

(३) बालबालिकाको संवेदनशीलताको सम्मान गर्दै उद्धार कार्य सम्पन्न भएपछि आधिकारिक व्यक्तिले मात्र तत्सम्बन्धी सूचना सम्प्रेषण गर्नुपर्नेछ ।

**१९. अनुगमन गर्नुपर्ने :** (१) यस परिच्छेदबमोजिम प्रदान गरिएको सेवा, सेवाको प्रबन्ध, सेवाको गुणस्तर लगायतका विषयमा समितिले कम्तीमा वर्षको एक पटक अनुगमन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिम अनुगमन गर्न, गराउन समितिले आवश्यक रूजुसूची (चेकलिष्ट) बनाउन बनाई लागु गर्नुपर्नेछ ।

(३) यस दफाबमोजिमको अनुगमन प्रतिवेदन समितिमा पेस गर्नुपर्नेछ ।

## परिच्छेद - ५

## बाल क्लब तथा बाल क्लब सञ्जालसम्बन्धी व्यवस्था

**२०. बाल क्लब गठन गर्न सकिने :** (१) बाल अधिकारको प्रचलन गर्न, बाल संरक्षणका लागि कार्य गर्न तथा आफ्नो सरोकारको विषयमा समूहमा मिलेर कार्य गर्न बालबालिकाले बाल क्लब गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम बाल क्लब गठन गर्दा १८ वर्ष उमेर नपुगेका बालबालिका सामूहिक रूपमा भेला भई निर्णय गरेर समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत / विषयगत बाल क्लबको गठन गर्न सक्नेछन् ।

(३) बाल क्लब गठन गर्दा भिन्न उमेर, लिङ्ग, जातजाति, अपाङ्गता भएका बालबालिका लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक विविधता समावेश हुने गरी गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास विषय वा समूहका बालबालिकालाई मात्र सदस्य बनाई विशिष्टीकृत/विषयगत बाल क्लब गठन गर्न बाधा पुगेको मानिनेछैन।

(५) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने प्रत्येक विद्यालयमा एक बाल क्लब गठन गर्न गाउँपालिकाअन्तर्गतको शिक्षा शाखाले सहजीकरण गर्नुपर्नेछ।

(६) बाल क्लबमा आवद्ध सबै बालबालिका बाल क्लबको साधारण सदस्यका रूपमा रहनेछन्।

(७) समुदायमा आधारित बाल क्लबको हकमा सम्बन्धित वडा कार्यालयले, विद्यालयमा आधारित बाल क्लबको हकमा सम्बन्धित विद्यालयले र विशिष्टीकृत विषयगत बाल क्लबको हकमा सहयोगी संस्था वा निकायले एकजना सहजकर्ता तोक्न सक्नेछ।

(८) सामान्यतः बाल क्लबमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सात जना सदस्य गरी एघार जनाको हुनेछ।

तर, सो भन्दा कम संख्यामा बालबालिका रहेका कारण कम संख्याको वाल क्लब गठन गर्न यस प्रावधानले बाधा पुगेको मानिनेछैन।

(९) बाल क्लबमा कार्यसमितिले निर्णय गरे बमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन्।

(१०) बाल क्लबको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(११) बाल क्लबको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तीमा एकपटक बस्नुपर्नेछ।

**२१. बाल क्लबको प्रकार :** बाल क्लब देहाय बमोजिम तीन प्रकारका हुनेछन् :

(क) समुदायमा आधारित बाल क्लब टोल, बस्ती वा वडाभित्रका कुनै स्थान विशेष वा भौगोलिक क्षेत्रमा बसोबास गर्ने बालबालिकालाई समेटेर गठन भएका बाल क्लबलाई समुदायमा आधारित वाल क्लब मानिनेछ।

(ख) विद्यालयमा आधारित बाल क्लब विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर सोही विद्यालयमा गठन भएको बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब मानिनेछ।

(ग) विशिष्टीकृत विषयगत बाल क्लब विशिष्टीकृत/विषयगत बाल क्लबसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(अ) बाल अधिकार तथा वालसंरक्षणसँग सम्बन्धित कुनै खास विषय जस्तै वालिकाहरूका सवाल, स्वास्थ्य, वातावरण, बालश्रम आदिमा केन्द्रित भई कार्य गर्नेगरी समुदायमा गठन भएका बाल क्लबलाई विषयगत बाल क्लब मानिनेछ।

(आ) गाउँपालिका भित्र रहेका अन्तर्राष्ट्रिय रूपमा स्थापित स्काउट, जुनियर रेडक्रस सर्कल, लियो क्लब, लगायत स्वयंसेवी बालसमूहलाई समेत विशिष्टीकृत बाल क्लब मानिनेछ।

(इ) गाउँपालिकाभित्र रहेका बालगृहहरूमा अनिवार्य रूपमा बाल क्लब गठन गर्नु पर्नेछ, त्यस्तो बाल क्लबलाई विशिष्टीकृत बाल क्लब मानिनेछ।

(ई) खण्ड (अ) र (इ) बमोजिमको बाल क्लबको स्थापना तथा सञ्चालन समुदायमा आधारित बाल क्लब सरह हुनेछ भने खण्ड (आ) बमोजिमको बाल क्लबको गठन, व्यवस्थापन तथा सञ्चालन सम्बन्धित संस्थाको स्वीकृत विधान वा स्थापित मान्यताबमोजिम हुनेछ।

**२२. वडा बाल क्लब वा गाउँपालिका बाल क्लब सञ्जाल गठन गर्न सकिने :** (१)गाउँपालिका अन्तर्गतका वडा क्षेत्रलाई समेटिने गरी प्रत्येक वडामा एक वडा बाल क्लब सञ्जाल रगाउँपालिका क्षेत्रलाई समेटिने गरी एक गाउँपालिका बाल क्लब सञ्जालको गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको वडा बाल क्लब सञ्जालको गठन देहायबमोजिम हुनेछ :

(क) वडा बाल क्लब सञ्जालको गठन गर्ने प्रयोजनका लागि वडाभित्र गठन भई दर्ता एवम् नवीकरण भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत विषयगत बाल क्लबका एक जना बालक र एक जना बालिका गरी दुई जना प्रतिनिधिलाई आमन्त्रण गरी बाल भेला आयोजना गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिमको भेलामा वडाभित्रका बहुमत संख्यामा बाल क्लबको प्रतिनिधित्व भई उपस्थित प्रतिनिधिको बहुमतले निर्णय गरेमा वडा बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ।

(ग) वडा बाल क्लब सञ्जालको कार्यसमितिको संरचना देहायबमोजिम हुनेछ

(१) एक जना - अध्यक्ष

(२) एक जना - उपाध्यक्ष

(३) एक जना - सचिव

(४) एक जना - कोषाध्यक्ष

(५) सात जना - सदस्य

घ) वडा बाल क्लब सञ्जालको कार्य समितिमा अध्यक्ष र उपाध्यक्ष मध्ये एक, सचिव र कोषाध्यक्ष मध्ये एक र सात जना सदस्यमा कम्तीमा तीन जना बालिका हुनुपर्नेछ ।

(ङ) वडा बाल क्लब सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्यको चयन गर्दा समावेशी पद्धती अवलम्बन गर्दै यथासम्भव सहमतिमा गर्न र त्यसो हुन नसकेमा लोकतान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गर्नुपर्नेछ ।

च) वडा बाल क्लब सञ्जालमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(छ) वडा बाल क्लब सञ्जालको सहजीकरण गर्न वडा समितिले बाल क्लब सहजकर्ता तोक्न सक्नेछ ।

(ज) वडा बाल क्लब सञ्जालको कार्यसमितिको बैठक प्रत्येक महिना कम्तीमा एक पटक बस्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको गाउँपालिका बाल क्लब सञ्जालको गठन देहायबमोजिम हुनेछ :

(क) गाउँपालिका बाल क्लब सञ्जालको गठन गर्ने प्रयोजनको लागि गाउँपालिकाका सबै वडाका वडा बाल क्लब सञ्जालबाट एक जना बालक र एक जना बालिका गरी दुई जनाको प्रतिनिधित्व हुने गरी गाउँपालिका बाल भेलाको आयोजना गर्नुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको गाउँपालिका बाल भेलामा उपस्थित प्रतिनिधिको बहुमतले निर्णयबाट गाउँपालिका बाल क्लब सञ्जाल गठन गरिनेछ ।

(ग) गाउँपालिका बाल क्लब सञ्जालको कार्यसमितिको संरचना देहाय बमोजिम हुनेछ, कार्यसमितिमा प्रत्येक वडा बाल क्लब सञ्जालको प्रतिनिधित्व हुनुपर्नेछ ।

(१) एक जना - अध्यक्ष

(२) एक जना - उपाध्यक्ष

(३) एक जना - सचिव

(४) एक जना - कोषाध्यक्ष

(५) सात जना - सदस्य

(घ) गाउँपालिका बाल क्लब सञ्जालको कार्यसमितिमा अध्यक्ष र उपाध्यक्ष मध्ये एक, सचिव र कोषाध्यक्ष मध्ये एक र सात जना सदस्यमा कम्तीमा तीन जना बालिका हुनुपर्नेछ ।

(ङ) गाउँपालिका बाल क्लब सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्यको चयन गर्दा समावेशी पद्धति अवलम्बन गर्दै यथासम्भव सहमतिमा गर्न र त्यसो हुन नसकेमा लोकतान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गर्नुपर्नेछ ।

(च) गाउँपालिका बाल क्लब सञ्जालमा कार्यसमितिले निर्णय गरेबमोजिम आवश्यक संख्यामा सल्लाहकार रहन सक्नेछन् ।

(छ) गाउँपालिका बाल क्लब सञ्जालको सहजीकरण गर्न शाखाले बाल क्लब सहजकर्ता तोक्नेछ ।

(ज) गाउँपालिका बाल क्लब सञ्जालको कार्यसमितिको बैठक प्रत्येक वर्ष कम्तीमा तीन पटक बस्नुपर्नेछ ।

(४) बाल क्लब सहजकर्तालाई बाल अधिकार, बालसंरक्षण, बाल सहभागिता र बाल क्लब सम्बन्धी आधारभूत तालिम दिनुपर्नेछ । बाल क्लबका सहजकर्ता चयन गर्दा सहजीकरण सिप भएको र सम्भव भएसम्म बाल क्लबको पूर्व सदस्यलाई प्राथमिकता दिनुपर्नेछ ।

(५) वडा बाल क्लब सञ्जाल वा गाउँपालिका बाल क्लब सञ्जालले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्नेछ । यस्तो उपसमितिमा आवश्यक संख्यामा सदस्य रहन सक्नेछन् ।

(६) वडा बाल क्लब सञ्जाल वा गाउँपालिका बाल क्लब सञ्जालको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

**२३. बाल क्लब र बाल क्लब सञ्जालको दर्ता तथा नवीकरणसम्बन्धी व्यवस्था** : (१) बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको दर्ता देहायबमोजिम हुनेछ-

(क) वडाभित्र गठन भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत/विषयगत बाल क्लब तथा वडा बाल क्लब सञ्जालको दर्ता सम्बन्धित वडा कार्यालयमा गर्नुपर्नेछ, यस्ता बाल क्लबहरूको अभिलेख गाउँपालिका बाल अधिकार समितिमा रहनेछ ।

(ख) गाउँपालिका बाल क्लब सञ्जालको दर्ता गाउँपालिकामा गर्नु पर्नेछ ।

(ग) बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको दर्ता गर्न अनुसूची-४ मा तोकिएको विवरण एवम् कागजात सहित सम्बन्धित वडा कार्यालयमा वागाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(घ) खण्ड (ग) बमोजिमको निवेदन पेस हुन आएमा जाँचबुझ गरी सम्बन्धित वडा कार्यालय रगाउँपालिकाले बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको दर्ता गरी, अनुसूची-५ बमोजिमको दर्ता किताबमा विवरण दाखिला गर्नुपर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम दर्ता किताबमा विवरण दाखिला भएका बाल क्लबलाई अनुसूची-६ बमोजिमको प्रमाणपत्र दिनुपर्नेछ ।

अध्यक्ष

२) बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको नवीकरण देहाय बमोजिम हुनेछ :

क) बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको नवीकरण प्रत्येक वर्ष गर्नुपर्नेछ ।

ख) खण्ड (क) बमोजिम नवीकरणको लागि बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालले दर्ताको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र अनुसूची-७ मा तोकिएको विवरण खुलाई सम्बन्धित वडा कार्यालय तथागाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

ग) खण्ड (ख) बमोजिम निवेदन पेस हुन आएमा सम्बन्धित वडा कार्यालय वागाउँपालिकाले आवश्यक जाँचबुझ गरी बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको नवीकरण गरिदिई तत्सम्बन्धी अभिलेख दुरूस्त राख्नुपर्नेछ ।

३) महिला बालबालिका तथा जेष्ठनागरिक शाखाले गाउँपालिका बाल क्लब सञ्जालको दर्ता तथा नवीकरणको लागि निवेदन लिने, आवश्यक जाँचबुझ गर्ने, दर्ता गर्ने, दर्ता प्रमाणपत्र दिने र सो को अभिलेख राख्ने लगायतका कार्य गर्नेछ ।

४) सम्बन्धित वडा कार्यालयले आफ्नो वडामा दर्ता, नवीकरण भई सञ्चालनमा रहेका बाल क्लब तथा वडा बाल क्लब सञ्जालको अभिलेख अद्यावधिक गरी दुरूस्त राख्नुपर्नेछ ।

५) उपदफा (३) र (४) बमोजिमको विवरण सम्बन्धित वडा कार्यालय तथा शाखाले प्रत्येक वर्ष समिति समक्ष पेस गर्नुपर्नेछ ।

६) समितिले बाल क्लब तथा वडा बाल क्लब सञ्जाल वा गाउँपालिका बाल क्लब सञ्जालको विवरण वार्षिक रूपमा परिषद्मा पठाउनुपर्नेछ ।

**४. शुल्क तथा दस्तुर नलाग्ने तथा दर्ता प्रकृयामा आवश्यक सहजीकरण गर्ने :** (१) गाउँपालिकाले बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क, दस्तुर तथा जरिबाना नलिई निःशुल्क गरिदिनुपर्नेछ ।

२) गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालय, सम्बन्धित संस्था, वडा कार्यालय र विभागले बाल क्लब तथा वडा बाल क्लब सञ्जाल वा गाउँपालिका बाल क्लब सञ्जालको दर्ता तथा नवीकरण प्रकृयामा आवश्यक सहजीकरण गरिदिनुपर्नेछ ।

३) गाउँपालिका क्षेत्रभित्र गठन तथा दर्ता हुन चाहने बाल क्लबहरूका निम्ति समितिले नमुना विधान तर्जुमा गर्नुपर्नेछ ।

**५. बालसभा आयोजना गर्ने:** (१) गाउँपालिकाले बालबालिका, बाल क्लब तथा वडा बाल क्लब सञ्जाल र गाउँपालिका बाल क्लब सञ्जालका प्रतिनिधि समेत आमन्त्रण गरी प्रत्येक वर्ष गाउँपालिका बाल सभाको आयोजना गर्नेछ ।

२) उपदफा (१) बमोजिमको बालसभाको आयोजना गर्दा गाउँपालिका बाल क्लब सञ्जालका पदाधिकारीहरूको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गराउनुपर्नेछ ।

३) गाउँपालिका बाल सभामा गाउँपालिका क्षेत्रभित्रका प्रत्येक वडा बाल क्लब सञ्जालबाट अध्यक्ष सहित दुई जनाको प्रतिनिधित्व हुनुपर्नेछ ।

४) उपदफा (३) बमोजिम प्रतिनिधित्व गर्दा विशिष्टीकृत तथा विषयगत बाल क्लबका बालबालिकाको समेत समावेशी प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ ।

५) गाउँपालिका बालसभाको उद्देश्य बालबालिकाको अर्थपूर्ण सहभागिताका माध्यमबाट गाउँपालिकाको नीति, कार्यक्रम तथा बजेटमा बालसंरक्षण तथा बाल अधिकार प्रवर्धन गर्नु हुनेछ ।

६) गाउँपालिका बालसभाको सञ्चालन प्रकृया तथा पद्धति समितिले तोकेबमोजिम हुनेछ ।

७) यस दफा बमोजिमको बालसभाको आयोजना वडास्तरमा समेत वडा बाल अधिकार समितिले तोकेको ढाचाँमा गर्न सक्नेछ ।

**६. बाल क्लब तथा वडा बाल क्लब सञ्जाल र गाउँपालिका बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार :** (१) बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको काम, कर्तव्य र अधिकार प्रचलित कानुनमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त देहायबमोजिम हुनेछ :-

क) बालबालिकाको आफ्नो रुचिबमोजिमको बाल क्लबमा अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने,

ख) विभिन्न सिर्जनात्मक क्रियाकलाप तथा कार्यक्रमहरूको सञ्चालन गरी बालबालिकाको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न सघाउने,

ग) बाल अधिकार, बालसंरक्षण, जीवनोपयोगी सिप, किशोरावस्थामा आउने परिवर्तन तथा त्यसको व्यवस्थापन, यौन तथा प्रजनन स्वास्थ्य र अधिकार तथा व्यक्तित्व विकाससँग सम्बन्धित तालिममा सहभागिता गर्ने गराउने,

घ) बाल क्लब तथा वडा बाल क्लब सञ्जाल वा गाउँपालिका बाल क्लब सञ्जालको तर्फबाट बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्य प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिको गठन गरी पदाधिकारी तथा सदस्यका बिचमा कार्य विभाजन गरी काम गर्ने, गराउने,

(ङ) कुनै बालबालिकाको अधिकार हनन तथा कुनै प्रकारको हिंसा, दुर्व्यवहार, शोषणलगायतका हानि नहोस् भनी रोकथाम गर्नका लागि सम्बन्धित निकाय वा सरोकारवालाको ध्यान आकृष्ट गराउने र बाल अधिकार हननका घटनाविरूद्ध बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको तर्फबाट पहल तथा पैरवी गर्ने, कुनै घटना घटेमा त्यसबारे सम्बन्धित निकायमा उजुरी गरी त्यसको सम्बोधनका लागि सघाउने,

(च) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ-संस्कृति आदिको संरक्षणका लागि आवाज उठाउने।

(२) गाउँपालिकाले बाल सहभागिता प्रवर्धन गर्दा देहायका कार्य गर्न, गराउन रोक लगाउन सक्नेछ-

(क) बालबालिकाको अध्ययनमा लगातार बाधा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो कार्यक्रममा बालबालिकालाई सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै गतिविधि वा कार्यमा बालबालिकालाई सलग्न गराउन,

(ग) बालबालिकाको हित विपरीत र्‍याली, जुलुस, सभामा सहभागी गराउन,

(घ) कुनै राजनीतिक दल वा तिनका भात् संङ्गठनको पक्षपोषण गर्न वा विरोध गर्न, गराउन,

ङ) समाजमा शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य कारणले विद्यालय, सरकारी निकाय, गाउँपालिका तथा सुरक्षा निकायले रोक लगाएका कार्य गर्न, गराउन।

**२७. बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको आर्थिक दायित्व :** (१) वाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालले परियोजना सञ्चालन गर्ने, आर्थिक कारोबार गर्ने र लेनदेन सम्बन्धी व्यवहार गर्नुहुँदैन।

(२) कुनै व्यक्ति वा संस्थाले बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जाललाई आर्थिक दायित्व दिनु हुँदैन।

(३) उपदफा (२) मा जे सुकै व्यवस्था भए तापनि बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जाललाई आर्थिक दायित्व नपर्ने गरी निःशर्त अनुदान उपलब्ध गराउन भने बाधा पर्नेछैन।

(४) बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जाललाई कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले आर्थिक दायित्व बहन गर्ने गरी कार्य सम्झौता गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम जिम्मेवारी पाएको टोल विकास संस्था, सामुदायिक संस्था, विद्यालय, वडा कार्यालय वा अन्य निकायले तोकिएको लेखा प्रणाली बमोजिम लेखा दुरुस्त राख्नुपर्नेछ।

**२८. प्रोत्साहन/पुरस्कारको व्यवस्था :** गाउँपालिकाले बाल सहभागिताको विषयमा उल्लेखनीय योगदान दिने बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जाललाई प्रोत्साहन पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

**२९. सम्पर्क स्थानको व्यवस्था गर्नुपर्ने :** (१) बाल क्लब तथा बडा वा गाउँपालिका बाल क्लब सञ्जालको नियमित बैठक बस्ने, सामूहिक भेटघाट गर्ने, छलफल गर्ने, कार्यक्रमको पूर्व तयारी तथा गतिविधि सञ्चालन गर्न सम्पर्क स्थान तोक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्पर्क स्थान तोक्ने कार्यका लागि बाल क्लबका हकमा सम्बन्धित विद्यालय वा सस्था; वडा बाल क्लब सञ्जालका हकमा वडा कार्यालय र गाउँपालिका बाल क्लब सञ्जालका हकमा महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा जिम्मेवार रहनेछ।

**३०. वाल क्लव तथा बालक्लव सञ्जाल विघटन वा खारेज हुन सक्ने :** (१) देहायको अवस्थामा बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जाल विघटन भएको मानिनेछ -

(क) लगातार दुई वर्षसम्म वडा तथागाउँपालिकामा नवीकरण नगरेमा,तर, त्यसरी नवीकरण नभएका बाल क्लब तथा सञ्जाललाई विघटन गर्नुअघि तीन महिनाको समय दिई अद्यावधिक विवरण पेस गरी नवीकरण गर्न सूचित गर्नुपर्नेछ।

(ख) बहुमत सदस्यले बाल क्लब वा सञ्जालको विघटन गर्ने निर्णय गरी बडा तथागाउँपालिकामा निवेदन दिएमा।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा बडा वा गाउँपालिका बाल क्लब सञ्जालको दर्ता खारेज गर्नुअघि समितिले एक उपसमिति वा कार्यटोली गठन गरी वस्तुस्थिति अध्ययन गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उपसमिति वा कार्यटोलीले दिएको लिखित प्रतिवेदन समेतका आधारमा समितिले निर्णय गरी बाल क्लब तथा बडा वा गाउँपालिका बाल क्लब सञ्जालको दर्ता खारेज गर्न सक्नेछ।

(४) विघटन भएका बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालको विवरण गाउँपालिकाको दर्ता किताबबाट स्वतः हट्नेछ।

(५) विघटन भएका बाल क्लब तथा वडा वा गाउँपालिका बाल क्लब सञ्जालका सम्पत्ति तथा दस्तावेज सम्बन्धित विद्यालय, वडा तथा गाउँपालिकाले जिम्मा लिनेछ। त्यस्तो सम्पत्ति तथा दस्तावेज अर्को बाल क्लब गठनको प्रयोजनमा उपयोग गर्न सकिनेछ।

अध्यक्ष

## परिच्छेद - ६

## बाल अधिकार समितिसम्बन्धी व्यवस्था

### ३१. गाउँपालिका बाल अधिकार समितिको गठन :

(१) गाउँपालिका बाल अधिकार समितिको गठन देहायबमोजिम हुनेछ-

(क) उपाध्यक्ष -अध्यक्ष
(ख) गाउँपालिका सामाजिक विकास समितिको संयोजक -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) वडा अध्यक्षहरूबाट उपप्रमुखले तोकेको दुई जना -सदस्य
(ङ) गाउँपालिकाको सामाजिक विकास शाखाको प्रमुख -सदस्य
(च) गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले तोकेको प्रतिनिधि १ जना - सदस्य
(छ) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र पर्ने नेपाल प्रहरीको प्रमुख -सदस्य
(ज) बाल अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति, सामाजिक संस्था वा अभियानका प्रतिनिधिमध्येबाट १ जना महिला सहित अध्यक्षले तोकेको २ जना -सदस्य
(झ) स्वास्थ्य शाखा प्रमुख वा निजले तोकेको प्रतिनिधि १ जना -सदस्य
(ञ) गाउँपालिका वाल क्लब सञ्जालका अध्यक्ष सहित सञ्जालले छनौट गरेको २ जना (बालक र बालिका) -सदस्य
(ट) विद्यालयका बाल संरक्षण शिक्षक मध्येबाट शिक्षा शाखाले तोकेको १ जना -सदस्य
(ठ) गाउँ कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्यहरु मध्ये १ जना प्रतिनिधि - सदस्य
(ठ) बाल कल्याण अधिकारी - सदस्य सचिव

(२) पदीय हैसियतमा समितिको सदस्यमा मनोनयन भएका कुनै पनि सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज समितिको सदस्य रहने छैनन्।

३) उपदफा (२) वमोजिम वा अन्य कुनै कारणबाट समितिको सदस्य पद रिक्त भएमा सो को यथाशीघ्र पदपूर्ति गरिनेछ। तर, त्यस्तो पदपूर्ति नभएकै कारण समितिको काम कारबाहीमा बाधा पुग्नेछैन।

(४) उपदफा (१) को खण्ड (ञ) बमोजिमका प्रतिनिधि १८ वर्ष उमेर पुरा भएमा समितिको सदस्य रहने छैनन्। यसरी प्रतिनिधि रिक्त भएमा गाउँपालिका बाल क्लब सञ्जालले छनौट गरी पठाएको प्रतिनिधि समितिको सदस्यको रूपमा रहनेछन्।

**३२. समितिको बैठकसम्बन्धी व्यवस्था** : (१) समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(३) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची तीन दिन अगावै समितिका सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछर निजको अनुपस्थितिमा उपस्थित मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) बैठकमा उपस्थित सदस्यको बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिने निर्णायक मत दिन सक्नेछ।

७) समितिको बैठकमा आवश्यकताअनुसार बाल अधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, सङ्घसंस्थाका प्रतिनिधि एवम् पेसागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ। तर, त्यसरी आमन्त्रित विज्ञले समितिको निणर्यमा मत दिन वा मतदान गर्न पाउनेछैन।

(८) समितिको बैठकको निर्णय समितिका सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

(१०) समितिको बैठक तथा सञ्चालन खर्च सम्बन्धी व्यवस्था गाउँपालिकाको नियमानुसार हुनेछ।

## ३३. समितिको काम, कर्तव्य र अधिकार :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) प्रचलित कानुनबमोजिम बालबालिकाको हक अधिकार तथा बाल संरक्षणसम्बन्धी प्रावधानको कार्यान्वयन गर्ने एवम् बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानुन, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न गाउँ कार्यपालिकालाई सुझाव दिने,

(ख) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृतिका लागी गाउँपालिकामा पेस गर्ने,

(ग) गाउँपालिका क्षेत्रभित्रका सबै बालबालिका, जोखिमपूर्ण अवस्थामा रहेका, विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र अभिलेखीकरण तथा व्यवस्थापन गरी सूचना प्रणालीको विकास गर्ने,

(घ) यस कार्यविधिको दफा १६ को उपदफा (५) बमोजिमको विवरण लिने र रोजगारदाता सुचिकरण सम्बन्धी कार्यका लागि वडा बाल अधिकार समितिलाई सहजीकरण गरी तथ्यांक र विवरणको अभिलेखिकरण गर्ने,

(ङ) गाउँपालिका क्षेत्रभित्र रहेका विशेष हेरचाहको आवश्यकता भएका बालबालिकाको हक अधिकार प्रवर्धन गर्न संकलित तथ्याङ्कको आधारमा लक्षित कार्यक्रम लागु गर्न गाउँ कार्यपालिकामा सिफारिस गर्ने,

(च) गाउँपालिका क्षेत्रभित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी गाउँ कार्यपालिकालाई सुझाव दिने,

(छ) गाउँपालिकाले सञ्चालन गरेका तथा गाउँपालिकाभित्र सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्र लगायतमा संरक्षित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिता बारे अनुगमन तथा निरीक्षण गरी गाउँपालिकामा प्रतिबेदन पेस गर्ने,

(ज) गाउँपालिकामा बालबालिका सम्बन्धी तथ्याङ्क, बाल अधिकारबारे भए, गरिएका कार्य तथा प्रगति समेत समावेश गरी वार्षिक रूपमा बालबालिकाको स्थिति-पत्र प्रकाशन गर्न गाउँ कार्यपालिकालाई सघाउने,

(झ) बालबालिकामाथि हुने वा हुन सक्ने कुनै पनि प्रकारका भेदभाव, हिंसा, दुर्व्यवहार, शोषणबाट बालबालिकाको संरक्षण गर्नका लागि रोकथाममूलक, उपचारात्मक तथा पुनस्थापकीय कार्य गर्ने, गराउने,

(ञ) गाउँपालिका क्षेत्रभित्र बाल संरक्षण प्रणालीको विकास तथा व्यवस्थापन गर्न नीतिगत, संस्थागत, भौतिक पूर्वाधारको प्रवन्ध गर्ने,

(ट) गाउँपालिका क्षेत्रभित्र हुन सक्ने बालविवाह, वालश्रम, शारीरिक तथा मानसिक पीडा तथा वाल यौन दुर्व्यवहार लगायत सबै प्रकारका बालहिंसाको रोकथाम तथा सम्बोधन गर्न र सडकमा आश्रित वालवालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण र व्यवस्थापन गर्ने, गराउने,

(ठ) दुर्व्यवहारका घटनाबाट पीडित बालबालिकाको तत्काल उद्धार, संरक्षण, पुनस्थापना गर्न एवम् आवश्यकतानुरूप कानूनी कारबाही गर्न सहयोग एवम् समन्वय गर्ने,

(ड) बाल अधिकार हनन् वारे आमसञ्चार लगायत कुनै पनि माध्यमबाट प्राप्त सूचना जानकारी, उजुरीबारे छानबिन गरी सोको सम्बोधन गर्न सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवम् पीडित तथा प्रभावितलाई सहयोग तथा समन्वय गर्ने, गराउने,

(ढ) बालबालिकाको हकहित संरक्षणका लागि विशेष कार्यक्रम, योजना तयार गरी लागु गर्न गाउँ कार्यपालिकालाई सिफारिसगाउँपालिकाको कार्यक्रममा विषयलाई समावेश गर्न पैरवी गर्ने,

(ण) बालबालिका सम्बन्धी वार्षिक तथा आवधिक योजना, विशेष कार्यक्रमको कार्यान्वयनको अनुगमन, मूल्याङ्कन र निरीक्षण गरी गाउँपालिका समक्ष आगामी दिनमा गरिनु पर्ने कार्यको सुझाव सहित प्रतिवेदन पेस गर्ने

(त) बालमैत्री स्थानीय शासन अवलम्बन गर्न तथा बालमैत्री वडा तथा गाउँपालिका घोषणा गर्न गाउँ कार्यपालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउने र सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्न कार्ययोजना बनाई गाउँ कार्यपालिका समक्ष पेस गर्ने,

(थ) गाउँपालिकाभित्र बालबालिकाका क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संस्थाबीच कार्यगत एकरूपता विकास गर्न एकीकृत कार्ययोजना बनाई लागु गर्ने,

(द) गाउँपालिका भित्र हुनसक्ने विपद र महामारीबाट प्रभावित बालबालिकाको आकस्मिक उद्धार, राहात, संरक्षण तथा व्यवस्थापन गर्न सहयोग गर्ने, गराउने,

(घ) गाउँपालिकामा क्रियाशील बाल क्लब तथा सञ्जालको कार्यमा सघाउने, गाउँपालिका बाल सभाको आयोजना तथा अर्थपूर्ण बालसहभागिता प्रवर्धन गर्ने तथा अनुगमन गर्ने, गराउने,

(न) समितिका बैठकका निणर्यका साथै समितिबाट सम्पन्न गरिएका काम कारबाहीको अभिलेख दुरूस्त राख्ने,

(प) गाउँ कार्यपालिकाले तोकेका बालबालिकासम्बन्धी अन्य कार्य गर्ने, गराउने।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार बालकल्याण अधिकारी वा उपसमिति वा कार्य टोलीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**३४. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने :** (१) समितिले आफूले गर्नुपर्ने कुनै विषेश काम सुचारू रूपले सञ्चालन गर्नको निमित्त विषय विज्ञ, बाल विशेषज्ञ वा बाल मनोविज्ञ, समाजसेवी वा सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल क्लब सञ्जालका प्रतिनिधि तथा बाल अधिकार अभियन्ता समेत समावेश गरी उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपसमिति वा कार्यटोली गठन गर्दा उक्त उपसमिति वा कार्यटोलीको कार्यदिश (काम, कर्तव्य र अधिकार) र अवधि तोक्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यटोलीका संयोजक वा सदस्य काममा खटिए बापत पाउने भत्ता वा पारिश्रमिक वा सेवासुविधा प्रचलित कानुन बमोजिम हुनेछ।

**३५. बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशित गर्नुपर्ने :** (१) समितिले प्रत्येक वर्ष समितिको निर्णय बमोजिमका सूचना तथा विवरण संलग्न गरी बालबालिकाको स्थिति प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) स्थिति प्रतिवेदनमा बालबालिकाको वैयक्तिक पहिचान खुलाँउदा निजको गोपनीयताको अधिकार उल्लङ्घन नहुने गरी विवरण प्रकाशन गर्नुपर्नेछ।

(३) यस दफा बमोजिमको प्रतिवेदन वार्षिक रूपमा गाउँकार्यपालिका, प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पठाउनुपर्नेछ। साथै, प्रतिवेदनको विद्युतीय प्रतिगाउँपालिकाको वेबपेजमार्फत सार्वजनिक गर्नु पर्नेछ।

**३६. वडा बाल अधिकार समिति :** (१)गाउँपालिकाको प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गर्न वडा बाल अधिकार समिति गठन गर्नुपर्नेछ।

२) वडा बाल अधिकार समितिमा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहनेछ

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिले तोकेको बडा सदस्य दुई जना - सदस्य

(ग) वडामा रहेका विद्यालयका प्रधानाध्यापक वा बाल संरक्षण शिक्षक मध्येबाट १ जना महिला सहित वडा समितिले मनोनित गरेको २ जना -सदस्य

(घ) बाल मनोविज्ञ मध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

(ङ)वडा तहमा बालबालिकाको हक अधिकार प्रवर्धन एवम् बाल संरक्षणका क्षेत्रमा क्रियाशील संस्था वा अभियान मध्येबाट १ जना महिलासहित वडा समितिले मनोनित गरेको २ जना -सदस्य

(च) वडामा कार्यरत महिला स्वास्थ्य स्वयम्सेविका मध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

(छ) वडातहमा रहेको प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेकोतिनिधि - सदस्य

(ज) वडा बाल क्लब सञ्जालका अध्यक्षसहित सञ्जालले छनौट गरेको २ जना (बालक र बालिका) - सदस्य

(झ) बडा सचिव - सदस्य सचिव

**३७. वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :**

वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ-

(क) बैठक कम्तीमा दुई महिनामा एक पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। तर, वडा बाल अधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ।

(ख) वडा बाल अधिकार समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ। सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची तीन दिन अगावै बड़ा बाल अधिकार समितिका सदस्यलाई उपलब्ध गराउनुपर्नेछ।

(ग) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(घ) बैठकमा उपस्थित सदस्यको बहुमतको निणर्यलाई बैठकको निर्णय मानिनेछ। मत बराबर भएमा भने बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(ङ) बैठकको अध्यक्षता वडा बाल अधिकार समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्य मध्येबाट जेठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ। (2)

(च) वडा बाल अधिकार समितिको बैठकमा आवश्यकताअनुसार बाल अधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, सघसंस्थाका प्रतिनिधि एवम् पेसागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(छ) वडा बाल अधिकार समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी सदस्य सचिवले अभिलेख राख्नेछ।

(ज) वडा बाल अधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।

(झ) समितिको बैठक तथा सञ्चालन खर्च प्रचलित नियमानुसार हुनेछ।

(ञ) वडा कार्यालयले वडा बाल अधिकार समितिको सचिवालयको रूपमा कार्य गर्नेछ।

**३८. वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :** वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ-

(क) वडा भित्रका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने,

(ख) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन गर्ने तथा अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ग) वडाको योजना तर्जुमा तथा स्रोत विनियोजनका लागि बालबालिकाको विषयलाई प्राथमिकतामा राख्न तथा वडाबाट प्रस्तावित हुने बालबालिकासम्बन्धी योजना, नीति र कार्यक्रम निर्माण गर्न वडा समितिलाई प्राविधिक सहयोग गर्ने, गराउने,

(घ) वडाभित्र आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेर समूह (अर्थात १३ वर्ष उमेर नपुगेका) का सबै बालबालिका विद्यालयमा आएको, पढाइलाई निरन्तरता दिएको तथा कानुन विपरीत बालबालिका श्रममा संलग्न भए/नभएको यकिन गर्न निरन्तर अनुगमन गर्ने, गराउने,

(ङ) वडा भित्र दफा १६ को उपदफा (५) बमोजिमको विवरण लिने र वालवालिकालाई श्रममा लगाउने रोजगारदाताको सूचीकरणसम्बन्धी कार्य गर्ने र सो सम्बन्धी अभिलेख समिति समक्ष पेस गर्ने,

(च) वडा तहमा बाल अधिकारका सचेतना र प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) वडामा बाल संरक्षण तथा बाल अधिकारको प्रवर्धनका लागि सञ्चालित योजना तथा कार्यक्रमको कार्यान्वयनको स्थितिको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्दै प्रगति प्रतिवेदन वडा समिति तथा गाउँपालिका बाल अधिकार समितिसमक्ष पेस गर्ने,

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारसम्बन्धी कार्यको प्रगति विवरण सार्वजनिक गर्ने,

(झ) वडालाई बालमैत्री बनाउने प्रक्रियामा वडा समितिलाई सघाउने,

(ञ) बाल अधिकार हननका घटनाबारे आएका सूचना तथा उजुरीलाईगाउँपालिकाको न्यायिक समिति वा अन्य सम्बन्धित निकायमा सिफारिस गरी पठाउने,

(ट) पीडित एवम् प्रभावित बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिको निर्देशनअनुरूप कार्य गर्ने,

(ठ) वडा तहको योजना निर्माणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न वडास्तरीय बाल भेला तथा बालसभा आयोजना गर्नका साथै भेला तथा सभाको सहजीकरणमा सघाउने,

(ड) वडा बाल अधिकार समितिका बैठकका निर्णय एवम् सम्पन्न गरिएका कामकारबाहीको अभिलेख दुरुस्त एवम् सुरक्षित राख्ने,

(ढ) गाउँपालिका, समिति तथा वडा समितिले तोकेका अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद - ७

## बालकल्याण अधिकारी, समाजसेवी तथा बालमनोविज्ञको व्यवस्था

**३९. बालकल्याण अधिकारीको नियुक्ति :** (१)गाउँपालिकाले ऐन को दफा ६१ को उपदफा (१) बमोजिम हुनेगरी गाउँपालिकाको कर्मचारी पदपूर्ति प्रक्रियाअनुसार एक जना बालकल्याण अधिकारी नियुक्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम बालकल्याण अधिकारीको नियुक्ति नभए सम्म गाउँपालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा ना. सु. स्तरको कुनै कर्मचारीलाई बालकल्याण अधिकारी तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त बालकल्याण अधिकारीले गाउँपालिका बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ।

**४०. बालकल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :**

ऐनमा भएका व्यवस्था तथा नियमावलीको नियम ८२ मा उल्लेख भएको काम, कर्तव्य तथा अधिकारको अतिरिक्त बालकल्याण अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) वडा बाल अधिकार समितिले रूजु गरी गाउँपालिका बाल अधिकार समिति समक्ष पठाएका रोजगारदाता सूचीकरण फारम तथा दफा १६ उपदफा (५) अनुसारको विवरण फारमको अध्ययन गर्ने र प्रमाणीकरण गरी अभिलेख राख्ने।

(ख) वडा बाल अधिकार समितिले पठाएका बाल अधिकारसम्बन्धी अभिलेखलाई सूचना प्रणालीमा व्यवस्थित रूपमा राख्ने।

(ग) गाउँपालिकाभित्र सञ्चालित अस्थायी संरक्षण सेवा, पुनर्स्थापना केन्द्र र बालगृहको विवरण दुरूस्त राखी गाउँपालिकाको अनलाइन प्रणालीमा अद्यावधिक गराउने।

(घ) गाउँपालिका क्षेत्रभित्र कुनै विदेशी बालबालिका जोखिममा परेको पाइएमा तिनको अवस्थामा सम्बोधन गर्न नेपाल सरकारको सम्बन्धित मन्त्रालयसंग पत्राचार गर्ने।

(ङ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका प्रक्रियामा सहजीकरण गर्ने।

(च) ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था गर्ने।

**४१. समाजसेवी तथा बालमनोविज्ञको सूची तथा नियुक्ति :** (१)गाउँपालिकामा रही समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न चाहने निर्धारित योग्यता पूरा गरेका व्यक्तिले सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीकरण तथा नियुक्ति ऐनको दफा ६२ र नियमावलीको नियम ८३ मा उल्लेख भएबमोजिम हुनेछ।

## परिच्छेद - ८

## बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**४२. बाल कोषको व्यवस्था :** (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकाले एक बाल कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको बाल कोषमा देहायबमोजिमका रकमहरू रहनेछन् :

(क)गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित रकम,

(ख) बाल संरक्षणका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) गैरसरकारी संघ संस्था, निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ)गाउँपालिकाको न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(ड) अन्य कुनै स्रोतबाट भएको आम्दानी वा प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानुनबमोजिम स्वीकृति लिनुपर्नेछ।

**४३. बाल कोष सञ्चालक समिति :** (१)गाउँपालिकामा बाल कोष सञ्चालनका लागि देहायबमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछ :

(क) संयोजक, सामाजिक समिति - अध्यक्ष

(ख) प्रमुख, सामाजिक विकास शाखा - सदस्य

(ग) प्रमुख, शिक्षा यूवा तथा खेलकुद शाखा - सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

(ग) हिंसापीडित बालबालिकालाई अस्पतालमा भर्ना गराई उपचार गराउनुपर्ने भएमा अस्पताल लैजाँदा र ल्याउँदाको सवारी साधनको भाडा, स्वास्थ्य परीक्षण र औषधी उपचार खर्चका लागि एकमुष्ट अधिकतम रू २५,००० (रू. पच्चिस हजार) सम्मको अनुदान रकम,

(घ) हिंसापीडित बालबालिकाको न्यायका लागि अस्थायी संरक्षण सेवा, मनोविमर्श सेवा, यातायात खर्चबापत प्रति बालबालिका अधिकतम रू. २०,००० (रू. बिस हजार) सम्मको अनुदान रकम,

(ङ) हिंसापीडित बालबालिकाको न्यायका लागि कानुनी सहायतामा लाग्ने खर्चबापत प्रति बालबालिका अधिकतम रू. १५,००० (रू. पन्ध्र हजार) सम्मको अनुदान रकम,

(च) जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाकाको अवस्था पहिचान गरी समितिले गठन गरेको कार्यदलको सिफारिसको आधारमा तत्काल राहत, अस्थायी संरक्षण, शैक्षिक प्रबन्ध, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण गर्नुपर्ने देखिएका बालबालिकाका लागि प्रति बालबालिका अधिकतम रू. १५,००० (रू पन्ध्र हजार) सम्मको अनुदान रकम,

(ज) यस दफा बमोजिम तोकिएको रकमले अपुग हुने विशेष परिस्थितिमा बाल कोष सञ्चालक समितिले निर्णय गरी थप सहयोग रकम उपलब्ध गराउन सक्नेछ ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवम् प्रशासनिक कार्य र सचेतनाका कार्यक्रम आदिमा खर्च गर्न पाइनेछैन ।

**४८. बाल कोषको खाता सञ्चालन** : (१) बाल कोषको रकम बाल कोष सञ्चालक समितिको निर्णयबमोजिम 'क' वर्गको वाणिज्य बैंकमा छुट्टै खाता खोली सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खाता गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बाल कल्याण अधिकारी वा अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

**४९. बाल कोषको लेखा र लेखा परीक्षण:** (१) कोषको आय-व्ययको लेखा प्रचलित कानुनबमोजिम राखिनेछ ।

(२) बाल कोषको लेखापरीक्षण गाउँपालिकाको लेखापरीक्षण पद्धति बमोजिम हुनेछ ।

## परिच्छेद - ९

## विविध

**५०. बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्व प्रचलन गराउन सक्ने :** कसैले बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा बालबालिका प्रतिको दायित्व पूरा नगरेमा गाउँपालिकाको न्यायिक समितिले अनुसूची ८ मा तोकिएको ढाँचामा उजुरी लिई यथार्थ अवस्था बुझी बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गर्न, गराउनुपर्ने भएमा सम्बन्धित व्यक्ति, परिवार, संस्था वा निकायलाई आदेश दिन सक्नेछ ।

**५१. बालसंरक्षण मापदण्ड तथा आचारसंहिता पालना गर्नुपर्ने :**

गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू, कर्मचारी, शिक्षक, बालबालिकासँग प्रत्यक्ष सरोकार राखी कार्य गर्ने व्यक्ति, वडा तथा गाउँपालिका बाल अधिकार समितिका सदस्य, बाल क्लव सञ्जालका सदस्य तथा समिति अन्तर्गत गठन गरिने उपसमिति वा कार्यटोली/कार्यदलका सदस्यहरूले समेत गाउँपालिकाले जारी गरेको बाल संरक्षण मापदण्ड एवम् सो अन्तर्गतको आचार संहितामा सहमति जनाई लिखित रूपमा सहीछाप गरी त्यसको पालना गर्नु पर्नेछ ।

**५२. स्रोतको व्यवस्थापन गर्नुपर्ने :** गाउँपालिका तथा वडाले बाल अधिकार प्रवर्धन, बाल संरक्षण तथा सम्वर्द्धन कार्यको योजना तर्जुमा एवम् कार्यान्वयन गर्न आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु पर्नेछ ।

**५३. सेवाप्रदायक निकाय तथा संस्थाको सूचीकरण गर्नुपर्ने :** गाउँपालिका क्षेत्रभित्र बालबालिका संरक्षण, बाल अधिकारको प्रचलन, संरक्षण, प्रवर्धन तथा विकासको क्षेत्रमा क्रियाशील निकाय तथा संघसंस्थाहरूको सूचीकरण गर्नुपर्नेछ।

**५४. प्रचारप्रसार तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने :** यस कार्यविधिको प्रभावकारिता बढाउन सञ्चारमाध्यम तथा सामाजिक सन्जाल मार्फत सचेतनामूलक सामग्री प्रचार प्रसार गर्नुपर्नेछ।

**५५. प्रोत्साहन एवम् पुरस्कारको व्यवस्था :** बाल अधिकारको प्रवर्धन तथा बाल संरक्षण कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, सामुदायिक संस्था, संघसंस्था, निजी क्षेत्र लाई गाउँपालिकाले प्रोत्साहन एवम् पुरस्कार प्रदान गर्न सक्नेछ।

**५६. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको सम्बन्धमा कुनै व्याख्या गर्नु परेमा वा कार्यान्वयनका क्रममा आएका बाधा अड्काउ फुकाउनुपर्ने भएमा यस कार्यविधिको उद्देश्य र प्रावधान प्रतिकुल नहुने गरी समितिले गर्न सक्नेछ।

## अनुसूची - १
### (दफा १० को उपदफा ४ बमोजिम)
### उद्धार कार्यमा खटिई जाने टोलीका सदस्यहरूले पालना गर्नुपर्ने आचारसंहिता

१. उद्धार कार्यमा खटिई जानुपूर्व सम्बन्धित बालबालिका, उद्धार गर्नुपर्नाको कारण, उक्त स्थान तथा परिवेशबारे टोलीका सदस्यलाई जानकारी गराउने,

२. उद्धार टोलीका सदस्यले बालमैत्री बोली तथा व्यवहार प्रस्तुत गर्नुपर्ने,

३. उद्धारका क्रममा उद्धार टोलीका सदस्यले भावनामा बग्ने, रिसाउने, झैझगडा गर्ने, आवेशमा आउने लगायतका संवेगलाई नियन्त्रित गर्नुपर्ने,

४. उद्धारका बखतमा कुनै समस्या आइपरेमा, सुरक्षा चुनौती आइपरेमा, निणर्य लिनमा कुनै द्विविधा भएमा तत्काल टोली नेतालाई त्यसबारे जानकारी गराउनुपर्ने,

५. उद्धार टोलीमा खटिड जाने नेपाल प्रहरी र गाउँपालिका प्रहरी बलका प्रतिनिधि सादा पोशाकमा जानुपर्ने,

६. उद्धार टोलीका सदस्यले उद्धार कार्यका बखत टोली नेताको निर्देशन पालना गर्नुपर्ने,

७. उद्धार कार्यमा खटिई जाने टोलीका सदस्यले सम्बन्धित निकायले प्रदान गरेको परिचय पत्र साथमा लानुपर्ने,

८. तत्काल आवश्यक परेको सूचना जानकारीबाहेक बालबालिकालाई अनावश्यक प्रश्न सोध्ने तथा झन्झट गराउने गरी कुराकानी गर्न, गराउनु नहुने,

९. उद्धार टोलीका नेताको निर्देशन बिना टोलीका कुनै पनि सदस्यले उद्धार स्थलको तोकिएको स्थानबाहेक अन्यत्र जानु नहुने,

१०. उद्धार कार्य गरिरहेको स्थानमा कुनै होहल्ला वा असहज वातावरण सिर्जना भएमा उद्धार टोलीका सदस्यले वातावरण सहज बनाउँदै बालबालिकाको उद्धारकार्यलाई निरन्तरता दिनुपर्ने। तर उद्धार कार्यलाई निरन्तरता दिन सकिने स्थिति नभएमा तत्कालको लागि उद्धार कार्य स्थगित गर्नुपर्ने,

११. बालबालिकाको परिचय खुल्नेगरी सञ्चार माध्यम, सामाजिक सञ्जाल वा अन्य कोही कसैलाई फोटो वा भिडियो खिच्न दिन नहुने। तर उद्धार टोलीको आधिकारिक व्यक्तिले भने आवश्यक परेमा टोली नेताको अनुमतिले फोटो वा भिडियो खिच्न सकिने। त्यसरी खिचिएको फोटो वा भिडियोको गोपनीयता कायम गर्नुपर्ने र कुनै सञ्चार माध्यमबाट प्रसारप्रसार गर्न नपाइने,

१२. उद्धारका बखत बालकलाई टोलीका पुरूष सदस्यले र बालिकालाई टोलीका महिला सदस्यले आफ्नो साथमा राख्नुपर्ने,

१३. उद्धार कार्यको प्रयोजनबाहेक टोलीको कोही कसैले आफूखुशी बालबालिकाको विवरण लिन, फोटो वा भिडियो खिच्न वा फोन नम्बर आदानप्रदान गर्न नपाइने,

१४. उद्धारका समयमा उद्धार टोलीका कुनै पनि सदस्यले असम्बन्धित व्यक्तिलाई भए, गरेका कार्यबारे जानकारी दिने वा कुनै पनि किसिमले प्रतिक्रिया दिन नपाइने । तर उद्धार टोलीका नेताले उद्धार कार्यसम्बन्धी जानकारी उद्धार कार्यमा खटाउने निकायका आधिकारिक व्यक्तिलाई भने दिनुपर्ने,

१५.उद्धार कार्यसम्बन्धी जानकारी प्राप्त भएपछि आधिकारिक व्यक्तिले बाल-संवेदनशीलता र गोपनियतालाई कायम राख्दै सञ्चार माध्यममा सूचना दिन सक्ने,

१६. कुनै जोखिम वा हिंसामा परी शारीरिक चोटपटक तथा अंग भंग भई तत्काल उपचार गराउनुपर्ने अवस्थाका बालबालिकालाई टोली नेताको निर्देशनमा टोलीका सदस्यले नजिकको अस्पतालमा लगि उपचारको उचित प्रबन्ध गर्नुपर्ने ।

## अनुसूची - २

### (दफा १२ को उपदफा (१) सगँ सम्बन्धित)

### गाउँपालिकाले सञ्चालन गर्ने अस्थायी संरक्षण सेवाका लागि आवश्यक कर्मचारीसम्बन्धी विवरण

३० जना बालबालिका राख्ने क्षमता भएको अस्थायी संरक्षण सेवामा कम्तीमा देहायबमोजिमका कर्मचारीको (सेवा सुविधा तथा कार्य विवरण समेतको) व्यवस्था हुनुपर्नेछ ।

| क्र सं | कर्मचारी विवरण | संख्या | प्रकृती |
|---|---|---|---|
| १ | प्रमुख व्यवस्थापक | १ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |
| २ | हेरचाहकर्ता/स्याहारकर्ता (केयर टेकर) | २ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |
| ३ | भान्से/सहयोगी | २ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |
| ४ | शिक्षक | २ | आंशिक |
| ५ | मनोविमर्शकर्ता | १ | आंशिक |
| ६ | स्वास्थ्यकर्मी | १ | आंशिक |
| ७ | खेल मनोरञ्जन सहयोगी | १ | आंशिक |
| ८ | सुरक्षाकर्मी | १ | पूर्णकालीन तथा आवासीय कर्मचारीको रूपमा |

**पुनश्चः** गाउँपालिकामा सूचीकृत समाजसेवी र बालमनोविज्ञलाई आवश्यकताअनुसार अस्थायी संरक्षण सेवामा परिचालन गर्न सकिनेछ ।अ

## अनुसूची - ३

### (दफा १६ को उपदफा (५) सँग सम्बन्धित)

### आफ्नो वा आफ्ना नातागोताका बाहेक अन्य बालबालिका राख्ने परिवारले बुझाउने विवरण फाराम

**परिवारको विवरण :**

जिम्मेवारी लिने व्यक्तिको नाम थर: ..............................................................

स्थायी ठेगाना :..............................................................

अस्थायी ठेगाना : ..............................................................

बाजेको नाम : ..............................................................

बाबुको नाम : ..............................................................

आमाको नाम : ..............................................................

उमेर : ..............................................................

वार्षिक आय : ..............................................................

लिङ्ग : ..............................................................

फोन नं.: ..............................................................

इमेल ठेगाना : ..............................................................

नागरिकता प्रमाणपत्र नं.: ..........................................................................................................

शैक्षिक योग्यता : ..........................................................................................................

परिवारका सदस्यहरूको विवरण : ..........................................................................................

**बालबालिकाको विवरण :** ..........................................................................................

नामथर : ..........................................................................................................

स्थायी ठेगाना : ..........................................................................................................

अस्थायी ठेगाना: ..........................................................................................................

बाजेको नाम : ..........................................................................................................

बाबुको नाम : ..........................................................................................................

आमाको नाम : ..........................................................................................................

बाबुको नाम : ..........................................................................................................

बाबुको नागरिकता प्रमाणपत्र नं. : ..........................................................................................

उमेर :..........................................................................................................

लिङ्ग :..........................................................................................................

अध्ययन गरिरहेको विद्यालयको नाम : ..........................................................................................

कक्षा: ..........................................................................................................

विद्यालयको ठेगाना : ..........................................................................................................

**प्रतिबद्धतासहित बालसंरक्षणको जिम्मेवारी लिएको बारे स्व-घोषणा**

म .......................................................... (नाम थर) स्थायी ठेगाना ......................................भई

हाल छविसपाथिभेरा गाउँपालिका वडा नं ................................................ टोल ................................ मा

स्थायी/ अस्थायी रूपमा घर नं.................................................... मा बसोबास गर्ने म र मेरो परिवारले ............................

स्थायी ठेगाना भई हाल मेरो सरक्षणमा टोल बसिरहेको / बसिरहेकी ................................नातामा मेरो ..........................

पर्ने वा कुनै नाता नपर्ने ........................................ को जिम्मेवारी लिन र निजको बाल अधिकार संरक्षणका लागि म प्रतिबद्ध छु

।

माथि उल्लिखित व्यहोरा ठिक सांचो छ, झुठा ठहरिएमा कानुनबमोजिम सहुँला, बुझाउँला।

सहीछाप ..................................................

नामथर : ..........................................................................................

बाबुको नाम: ..........................................................................................

बाजेको नाम : ..........................................................................................

ठेगाना: ..........................................................................................

फोन नं. : ..........................................................................................

**संलग्न गरिएका अन्य कागजात :**

१) जिम्मेवारी लिने व्यक्तिको फोटो,

२) जिम्मेवारी लिने व्यक्तिको नागरिकता वा परिचय खुल्ने आधिकारिक निकायबाट जारी भएको प्रमाण पत्रको प्रतिलिपि,

३) बालबालिकाको उमेर खुल्ने जन्मदर्ता वा अन्य उमेर खुल्ने आधिकारिक निकायबाट जारी भएका कागजातको प्रतिलिपि ।

अनुसूची - ४

**(दफा २३ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित )**

**बाल क्लब तथा वडा बाल क्लब सञ्जाल वा गाउँपालिका बाल क्लब सञ्जाल दर्ताको लागि दिइने निवेदनको ढाँचा**

मिति :.................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू / वडा सचिव ज्यू,
छविसपाथिभेरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय / .................वडा कार्यालय ................,
छविस्पाथिभेरा गाउपालिका, बझाङ नेपाल ।

विषयः बाल क्लब/वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जाल दर्ता गरी पाऊँ।

महोदय,

हामी जना सदस्य रहेको नामको बाल क्लब वडा बाल क्लब सञ्जाल गाउँपालिका बाल क्लब सञ्जाल गठन गर्न चाहेकोले बालबालिकासम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५) तथा काठमाडौंगाउँपालिकाको बालसंरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८० बमोजिम बाल क्लब बडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जाल दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

<u>संलग्न गरिएका कागजात :</u>

१. प्रस्तावित बाल क्लब वडा बाल क्लब सञ्जाल गाउँपालिका बाल क्लब सञ्जालको विधान,
२. प्रस्तावित बाल क्लब वडा बाल क्लब सञ्जाल गाउँपालिका बाल क्लब सञ्जाल गठन गर्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि,
३. बाल क्लब वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जालमा आवद्ध सदस्य तथा पदाधिकारीको विवरण,
४. बाल क्लब वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जाल दर्ता गर्न इच्छुक बालबालिकाको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा वडा कार्यालयको सिफारिस पत्र,
५. बाल क्लब वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जालको उद्देश्य तथा सोमार्फत गरिने मुख्य कामको विवरण

निवेदक

नाम थर :

पद...

सम्पर्क नं.:

## अनुसुचि -५

दफा २३ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

बाल क्लब/बडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब/सञ्जालको दर्ता, नवीकरण तथा सूचीकरणको किताब

छविसपाथिभेरा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय .....................वडा कार्यालय

बझाङ, जिल्ला

सुदूरपश्चिम प्रदेश, नेपाल ।

बाल क्लव वडा बाल क्लब सञ्जाल गाउँपालिका बाल क्लब सञ्जालको दर्ता, नवीकरण तथा सूचीकरणको किताब

| क्र.सं. | बाल क्लब वा सञ्जालको नाम | ठेगाना | बाल क्लब वा सञ्जाल सदस्य संख्या | | सहजकर्ताको नाम | स्थापना भएको मिति | दर्ता नं र मिति | सम्पर्क नं | प्रमाण पत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची - ६

(दफा २३ को उपदफा (१) को खण्ड (ङ) सँग सम्बन्धित)

## बाल क्लब वडा बाल क्लब सञ्जाल / गाउँपालिका बाल क्लब सञ्जाल दर्ता प्रमाण-पत्रको नमुना

छविसपाथिभेरा गाउँपालिका/..................वडा कार्यालय,

बझाङ जिल्ला,

सुदुरपश्चिम प्रदेश, नेपाल।

### बाल क्लब वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सन्जालको दर्ता प्रमाणपत्र

दर्ता नं.- मिति :

श्री ..................................................बाल क्लब /वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जाल

ठेगाना..........................................

बझाङ जिल्ला, छविसपाथिभेरा गाउँपालिका ............... नं वडा ............. मा रहेको ........................................ .................................. विद्यालय/समुदाय/विशिष्टीकृत तहमा गठन गरिएको बाल क्लब /वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जाललाई यस छविसपाथिभेरा गाउँपालिका/ ................ वडा कार्यालयमा दर्ता गरी बाल अधिकार प्रवर्धन, बालसंरक्षण गर्नका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) र छविसपाथिभेरा गाउँपालिकाको बालसंरक्षण तथा बाल अधिकारसम्बन्धी कार्यविधि, २०८२ बमोजिम यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ।

बाल अधिकार प्रवर्धन, बालसंरक्षण कार्यमा नेपालको संविधान, बालबालिकासम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी प्रचलित कानुनको अधिनमा रही बाल अधिकार अभियानमा त्यस बाल क्लवले बालबालिकाको सक्रिय सहभागिता गराउने अपेक्षा गरिएको छ।

दस्तखत : ..........................................

नाम थर : ............................................

पद : ..................................................

अनुसूची - ७

(दफा २३ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित)

बाल क्लब/वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जालको नवीकरणको लागि निवेदनको ढाँचा

मिति : ...................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू/वडा सचिवज्यू,
छविसपाथिभेरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय / वडा कार्यालय
बझाङ, नेपाल।

विषयः बाल क्लब /वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जालको नवीकरण गरी पाऊँ।

महोदय,

बझाङ जिल्ला, छविसपाथिभेरा गाउँपालिका ......... नं वडामा रहेको ............................... विद्यालय/समुदाय / विशिष्टीकृत नहमा गठन गरिएको हाम्रो ......................................................................... नामको बाल क्लब वडा बाल सञ्जाल बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ३ को उपनियम (६) र छविसपाथिभेरा गाउपालिकाको बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८२ बमोजिम छविसपाथिभेरा गाउँपालिका ........... वडा कार्यालयमा दर्ता नं .......... भई मिति .......................................... मा दर्ता भएको र क्रियाशील रहँदै आएको छ। यस बाल क्लब / वडा बाल क्लब सञ्जाल/ गाउँपालिका बाल क्लब सञ्जालको आ. व. .............................. को लागी नविकरण गर्न देहायको विवरण खोली निवेदन पेस गरेका छौं।

**संलग्न कागजात :**

१. बाल क्लब/ वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लव सन्जालले गत आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापहरुको संक्षिप्त विवरण,

२. बाल क्लव /वडा बाल क्लब सञ्जाल/गाउँपालिका बाल क्लब सञ्जालको कार्य समितिका पदाधिकारी तथा सदस्यको अद्यावधिक विवरण,

३. दर्ता प्रमाण पत्रको प्रतिलिपि।

निवेदक

नाम थर : ..................................................
पद :......................................................
सम्पर्क नं: ..................................................

अनुसूची - ८

(दफा ५० सँग सम्बन्धित)

# न्यायिक समितिसमक्ष पेस गर्ने उजुरी निवेदनको ढाँचा

मिति: ..................................

श्री संयोजक ज्यू,
न्यायिक समिति,
छविसपाथिभेरा गाउँपालिका ।

विषय: निवेदन/उजुरी पेस गरेको सम्बन्धमा ।

महोदय,

म/हामी.......................................................... देहाय बमोजिमको विवरण खुलाई छविसपाथिभेरा गाउँपालिकाको न्यायिक समिति समक्ष यो निवेदन/उजुरी पेस गर्दछु/गर्दछौं । प्रचलित कानुन बमोजिम मेरो/हाम्रो हकको प्रचलन गराई पाऊँ ।

विवरण :

१. बालबालिका/बाल क्लबको नाम :...........................................................
(नाम थर गोप्य राख्न इच्छुक भएमा सोही कुरा खुलाउन सकिने।

२. अध्ययन गरिरहेको कक्षा: ..................................................................

३. अध्ययन गरिरहेको विद्यालय/आश्रित संस्था/संरक्षकको नाम, ठेगाना: .....................................................................

४. उमेर : ...................................... वर्ष

५. लिङ्ग :......................................

६.गुनासो वा उजुरीसँग सम्बन्धित घटनाको विवरण

.............................................................................................................................................

.............................................................................................................................................

७. घटना घटाउने व्यक्ति (यदि जानकारी भएमा):

.............................................................................................................................................

८. घटनाको प्रकृती : ..........................................................................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ।

.............................................................................................................................................

१०. गुनासो वा उजुरीसँग सम्बन्धित अन्य कागजात वा प्रमाण भए सो कुरा............................................................

११. घटना वा समस्या समाधानका सम्भावित उपायहरू के-के हुन सक्छन् ?

निवेदकको दस्तखत :
नाम :
ठेगाना:

स्वीकृत मिति : २०८२/ /

आज्ञाले
सञ्जय कुमार यादव
नि. प्रमुख प्रशासकीय अधिकृत